# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

**आवेदन दिने म्याद थप गरिएको सम्बन्धमा ।**

**(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/११/१६ गते)**

कालिका नगरपालिकाको नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना मिति २०८०/११/०१ मा प्रथमपटक प्रकाशन गरी दरखास्त आह्वान गरिएकोमा तोकिएको मितिभित्र आवश्यक संख्यामा दरखास्त नपरेकोले सोको दरखास्त आवेदन पेश गर्ने म्याद ७ (सात) दिन थप गर्नका लागि पदपूर्ति समितिको मिति २०८०/११/१५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**योग्यताः**

क) **नगर प्रहरी सहायक निरीक्षकका लागिः**

१. दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
२. स्वीकृत विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।
३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
४. कुनै राजनैतिक दल वा समूहको सदस्यता नरहेको ।
५. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
६. महिलाको लागि कम्तीमा पाँच फुट र पुरुषको लागि कम्तीमा पाँच फुट दुई इन्च उचाई भएको ।
७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
९. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणित भएको ।
१०. नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ख) **प्रहरी जवानका लागिः**

१. दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवेशिका वा सो सरह उत्तिर्ण ।
३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
४. कुनै राजनैतिक दल वा समूहको सदस्यता नरहेको ।
५. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
६. महिलाको लागि कम्तीमा पाँच फुट र पुरुषको लागि कम्तीमा पाँच फुट दुई इन्च उचाई भएको ।
७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
९. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणित भएको ।
१०. नेपाली नागरिकता प्रमाणपत्र भएको ।

**दरखास्त दस्तुरः**

नगर प्रहरी सहायक निरीक्षक पदको लागि दरखास्त दस्तुर रु.५००।- र नगर प्रहरी जवान पदको लागि दरखास्त दस्तुर रु.३००।- तर एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेद्वारको हकमा थप समूहको लागि रु.१००।- थप दस्तुर लाग्नेछ ।

**नोटः** *परीक्षाको मिति र अन्य विषयगत सूचना पछि प्रकाशन गरिनेछ ।*

**-सदस्य सचिव, पदपूर्ति समिति**